

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



सवारी साधनमा अनावश्यक भीडभाड नगरौं ।
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २३ ❑ अङ्क २८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक ३० गते बुधबार ❑ 16 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकीका भौतिक पूर्वाधारमन्त्री खड्का बर्खास्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

गण्डकी प्रदेशका भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्का बर्खास्तीमा परेका छन् ।



४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारलाई असहयोग गरेको भन्दै मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उनलाई बर्खास्त गरेका हुन् । मुख्यमन्त्री पोखरेलले खड्कालाई हटाएको जानकारीसहित प्रदेश प्रमुखको कार्यालयमा पत्राचार गरेका थिए । प्रदेश प्रमुखको कार्यालयले सार्वजनिक गरेको सूचनामा भौतिक पूर्वाधार मन्त्रालय मुख्यमन्त्री पोखरेलले नै सम्हाल्ने उल्लेख छ ।

कास्की-२ को प्रदेश सभा २ मा टिकटको आकांक्षी रहेका खड्काले टिकट भने पाएनन् । सो यो क्षेत्रमा कांग्रेसबाट कानुनमन्त्रीसमेत रहेका विन्दुकुमार थापा उम्मेदवार छन् । खड्काले थापालाई हराउन लागेको आरोप लागेको छ ।

## मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्न निर्देशन

**रासस**
**काठमाडौं, २९ कार्तिक**

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्ने सम्बन्धमा चार बुँदे निर्देशन दिने निर्णय गरेको छ ।

मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउनको निम्ति प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा २१ बमोजिम सर्वपक्षीय बैठकमा समेत छलफल गराई आयोगले सार्वजनिक आह्वान र अनुरोध गरेको हो ।

आयोगले मतदाता वा अन्य व्यक्तिले मतदान केन्द्रमा आउँदा निषेधित वस्तु लिई आएको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारबाही गर्ने र सलाई, लाइटर, क्यामरा, मोबाइलजस्ता वस्तु लिई आएमा मतदान केन्द्रको प्रवेश विन्दुमा राख्ने व्यवस्था मिलाउने वा मतदान केन्द्र बाहिर निजलाई उपयुक्त लागेको स्थानमा राख्न लगाएर मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिने निर्देशन दिएको छ । "कसैले फोटो खिच्ने क्यामरा वा मोबाइल आफ्नो स्थानमा साथमा लागि मत सङ्केत गर्ने स्थान मतदान कक्षमा गएमा तत्काल त्यस्तो क्यामरा वा मोबाइल जफत हुने व्यहोरा सर्वसाधारणलाई सूचीत गर्ने ।" आयोगको निर्देशनमा भनिएको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## गठबन्धन १५ वर्षसम्म कायम रहन्छ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, २९ कार्तिक**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गठबन्धन अझै १५ वर्षसम्म कायम रहने बताउनुभएको छ ।

मंगलबार पूर्वी सुर्खेतको मेहलकुनामा आयोजित गठबन्धनको चुनावीसभालाई सम्बोधन गर्दै उहाँले देशको शान्ति र समृद्धिका लागि गरिएको गठबन्धनका उम्मेदवारहरूलाई विजयी गराउन सुर्खेतका मतदातामाझ आग्रह गर्नुभयो ।

प्रधानमन्त्री देउवाले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको संसद् विघटन र प्रतिगमनकारी कदमविरुद्ध बनेको गठबन्धन भएकाले देश र समृद्धिका लागि गठबन्धन आवश्यक रहेको उल्लेख गर्नुभयो । "ओलीजीले दुई पटक संसद् विघटन गर्नुभयो । संविधानको अङ्ग भङ्ग गर्ने काम गर्नुभयो, हामी संसद्को पूर्ण कार्यकाल राख्न चाहन्छौं" उहाँ भन्नुभयो, "माननीयहरूले आलोचना गर्ने बित्तिकै ओलीको जसरी संसद् विघटन गर्दैनौं ।" प्रधानमन्त्री देउवाले संविधानको रक्षा र गणतन्त्रको संस्थागत हितका लागि गठबन्धनले निर्वाचन जित्न आवश्यक रहेको औँल्याउनुभयो ।

सोही कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले ओलीको अहंकारका कारण वाम गठबन्धन टुटेको बताउनुभयो । "अब धोकेबाजसँग कुनै समीकरण हुँदैन", उहाँले भन्नुभयो, "गिरिजाप्रसाद कोइरालासँगै मैले १२ बुँदे सम्झौतामा हस्ताक्षर गरेर जोडेको गठबन्धन हो, यो चुनावसम्म मात्र होइन लामो समयसम्म कायम रहन्छ ।" अध्यक्ष दाहालले गठबन्धन १५ वर्ष जाने र देशमा शान्तिको नयाँयुगको सुरुआत हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो गठबन्धन संविधानको रक्षा र शान्ति प्रक्रियाका बाँकी रहेका कामलाई अगाडि बढाउनका लागि गरिएको गठबन्धन हो ।" देशमा राजनीतिक परिवर्तन अनुकूल आर्थिक समृद्धि नभएसम्म गठबन्धन कायम रहने पनि उहाँले बताउनुभयो ।

## दुई दिन सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

सरकारले आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि सरकारी कार्यालय तथा सार्वजनिक निकायमा दुई दिन बिदा दिने भएको छ ।

गृह मन्त्रालयले आज एक सूचनामार्फत आगामी मङ्सिर ४ र ५ गते सरकारी कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको जानकारी दिएको छ । मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलद्वारा प्रकाशित उक्त सूचनामा मतदानस्थल रहेका शिक्षण संस्था वा विद्यालयमा भने मङ्सिर २ देखि ५ गतेसम्म विदा दिइएको छ ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**








# देश र जनताको समृद्धि मेरो लक्ष्य – बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

कास्की क्षेत्र नं १ का प्रतिनिधि सभा सदस्य उम्मेद्बार किशोरदत्त बरालले देश र जनताको समृद्धि आफ्नो लक्ष्य भएको बताउनु भएको छ।

पोखरा ३२ मा मङ्गलबार घरदैलो र मतदाता भेटघाटका क्रममा उहाँले त्यस्तो बताउनु भएको हो। उहाँले आमनेपालीको आवश्यकतालाई संसदमा उठाउने भन्दै आफ्नो आवाजले सबैलाई न्याय गर्ने बताउनुभयो । उहाँले स्थानीय जनताको आवश्यकता अनुसार स्थानीयलाई खुशी बनाउने गरी काम गर्ने उल्लेख गर्नुभयो। 'जहाँ जे आवश्यकता छ प्राथमिकताका आधारमा त्यहि गर्छु, उहाँले भन्नुभयो - यसले आवश्यकतालाई सम्बोधन गर्ने छ र स्थानीय खुशी हुनु हुनेछ। उहाँले समय अभावका कारण सबै मतदाताको घरघरमा



पुग्न नसकेको क्षमा माग्दै मतदाताको घरमा नपुगे पनि मतदाताको भावना, चाहाना र आवश्यकतालाई नजिकबाट बुझेको बताउनुभयो । कास्की काँग्रेसका सभापति एवं पाँच दलीय गठबन्धनका साझा उम्मेद्बार बरालले ओलीको व्यत्तिगत स्वार्थ र अहंकारबाट देशलाई जोगाउन र संविधानको रक्षा गर्न गठबन्धन गर्नु परेको प्रष्ट पार्नुभयो । नेता बरालले राजनीतिलाई नयाँ ढंगबाट सोच्नुपर्ने भन्दै राजनीतिलाई प्रेम र सद्भावसँग जोड्नुपर्ने आवश्यकता औल्याउनुभयो । उहाँले विद्यालय र विश्वविद्यालयको शिक्षामा आमूल परिवर्तन गरी सीपमूलक र उद्यमशीलतासँग जोड्नुपर्ने बताउनुभयो । उम्मेद्बार बराल बुधबार पोखरा २६ मा घरदैलो र मतदाता भेटघाट गर्नु हुनेछ।

# मतदान...

छ, "प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९, निर्वाचन आचारसंहिता, २०७९ विपरीत उल्लिखित कार्य गर्ने मतदाता तथा अन्य व्यक्तिलाई कानुन बमोजिम कारबाही गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमार्फत मतदान केन्द्रमा खटिने सबै मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी गराउने।"

# दुई दिन...

निर्वाचन आयोगले यसअघि नै निर्वाचनमा बढीभन्दा बढी सहभागिता रहोस् भनेर सार्वजनिक बिदा दिन सरकारलाई आग्रह गरेको थियो । यसैबीच त्रिभुवन विश्वविद्यालयले पनि आगामी मङ्सिर १ देखि ५ गतेसम्म विश्वविद्यालयका सबै क्याम्पस र कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ। विश्वविद्यालयका अधिकांश क्याम्पसमा मतदान केन्द्र राखिएको छ । कतिपय क्याम्पसमा मतगणना केन्द्रसमेत राखिएको हुँदा विश्वविद्यालयका दैनिक काम कारबाहीमा असर पुग्ने देखिएकाले विदा दिने निर्णय गरिएको विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले जानकारी दिनुभयो । यस्तै, त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल कार्यालयले पनि मतदानका दिन आन्तरिक उडानतर्फ नियमित उडान नहुने जनाएको छ। सो कार्यालयका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार आन्तरिकतर्फका नियमित उडान हुनेछैन। यद्यपि चार्टर उडान भने हुनेछ।

# यो चुनाव सामान्य चुनाव होइन : एमाले अध्यक्ष ओली

**रासस**
**काठमाडौं, २९ कार्तिक**

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मङ्सिर ४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनलाई सामान्य चुनावको रुपमा लिन नहुने बताउनुभएको छ। एमाले भक्तपुर क्षेत्र नं २ '१' प्रदेशसभा निर्वाचन परिचालन कमिटीले मंगलबार आयोजना यहाँ गरेको चुनावी सभामा उहाँले मङ्सिर ४ को चुनावलाई बहुदलीय व्यवस्थामा जस्तो आइरहने चुनाव नभई देशले जित्ने कि हार्ने भन्ने चुनावको रुपमा लिनुपर्ने बताउनुभएको हो।

ओलीले भन्नुभयो, " अब निर्वाचनले पाँच वर्षसम्म स्थायित्व हुने सरकार निर्माण गर्ने चुनाव हो, यो चुनावले दह्रो राष्ट्रिय शक्ति निर्माण गर्ने चुनाव हो।" उहाँले आफ्ना कार्यकर्तालाई मत रक्षा गर्न, मत विस्तार गर्न र अत्यधिक मतले आफ्ना उम्मेदवारलाई विजयी सुनिश्चित गर्न निर्देशन दिनुभयो । कार्यक्रममा भक्तपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभाका उम्मेदवार महेश बस्नेतले विगत पाँच वर्षमा भएका विकास देशकै नमूना भएको भन्दै बाँकी विकासका काम पूरा गर्न आफ्नो उम्मेदवारी रहेको बताउनुभयो।

# 'कास्की २ का एमाले उम्मेदवार सबैका साझा'-मतदाता

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

नेकपा (एमाले)को तर्फबाट कास्की क्षेत्र नम्वर २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराई र २(१) का प्रदेश सभा सदस्य पदका उम्मेदवार भिम बहादुर कार्कीलाई मतदाताले एमालेको मात्रै उम्मेदवार नभएर सबैको साझा उम्मेदवार भएको प्रतिक्रिया दिएका छन्।



निर्वाचन अभियानको क्रममा पोखरा महानगर वडा नम्वर २१ र ३३ मा पुगेका एमाले उम्मेदवार कार्कीलाई आफ्नो क्षेत्रका माटो र भुगोल बुझेर काम गर्न सक्ने मनको सारथि भएको भन्दै पोखरा ३३ का स्थानिय मनोज आचार्यले उक्त क्षेत्रमा एमालेले उल्लेखनीय काम गरेकोले अबको रोजाई पनि एमाले नै रहने बताए। 'यो क्षेत्रमा काम र विकास गर्ने पार्टी एमालेकै उर्जाशिल उम्मेदवार मात्रै भएको हुँदा सधैंको मन र मतमा तलमाथि नगर्ने ठाउँ हो।' आचार्यले भने -'हाम्रो क्षेत्रले आफ्नो ठाउँको मात्रै नभएर राष्ट्रको समृद्धिको योजनाकार रविन्द्र अधिकारीलाइ हुर्काएको सम्झना छ । हामीले फेरि यो क्षेत्रमा नेपाली राष्ट्रिय राजनीतिमा प्रभावशाली भुमिका खेल्न सक्ने विकासका अगुवा नेता जन्माउने हुर्काउने र चम्काउने अवसर पाएका छौं। यो अवसर चुकाउने छैनौं।' स्थानिय दिपेन्द्र अधिकारीले सधैं यो क्षेत्रको उन्नति र विकासमा लाग्ने उम्मेदवार पाएको भन्दै हिजो एमालेले गर्यो,अबको पाँच वर्ष पनि स्पष्ट बहुमत सहितको सरकार निर्माण गर्ने गरि एमालेका उम्मेदवारहरूलाई नै मन र मत दिन आग्रह गरे। सो अवसरमा उम्मेदवार कार्कीले क्षेत्र नम्वर २ को विकासकै लागि उम्मेदवारी दिएको बताउँदै जनमत र विश्वासमाथि कहिल्यै दाग नलाग्ने गरि काम गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले समृद्ध नेपाल निर्माणको आधार प्रदेश र संघमा एमालेको सरकार भएको हुँदा भ्रममा नपर्न उनले मतदाताहरूलाई अपिल समेत गरेका छन्।

# 'अबको लडाइ गरिवीको अन्त्य गर्ने हो'-मनबहादुर गुरूङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

नेकपा एमाले कास्की क्षेत्र नम्वर १ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार मनबहादुर गुरूङले अबको लडाई गरिवी अन्त्य गर्ने लडाइँ रहेको बताएका छन्।

मंसिर ४ गते हुने निर्वाचन केन्द्रित प्रचारप्रसार कार्यक्रम अन्तर्गत पोखरा २९ मा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। नेकपा एमालको



कास्की जिल्ला अध्यक्ष समेत रहेका उनले देशमा राजनीतिक परिवर्तन आईसकेको र अव विकास र समृद्धिका लागि काम गर्ने बेला भएको उल्लेख गरे।

तर, केही तत्व प्राप्त उपलब्धिलाई उल्ट्याउने खेलमा रहेको हुँदा जनता सचेत बन्नुपर्ने उनको भनाई छ। 'राजनीतिक परिवर्तन भयो । अब विकास र समृद्धिका लागि काम गर्न मेरो उम्मेदवारी हो ।' उनले भने -'यसका लागि तपाईहरुले सुर्य चिन्हमा मतदान गरेर एमाले उम्मेदवारलाई विजयी गराउनुहुन म अनुरोध गर्दछु।'








## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।
– थोमस फुलर

## सम्पादकीय

# सरकार बनाए वापतको पुरस्कार

गण्डकी प्रदेशका भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्का बर्खास्तीमा परेका छन् । ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारलाई असहयोग गरेको भन्दै मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उनलाई बर्खास्त गरे । मुख्यमन्त्री पोखरेलले खड्कालाई हटाएको जानकारीसहित प्रदेश प्रमुखको कार्यालयमा पत्राचार गरेका थिए । प्रदेश प्रमुखको कार्यालयले सार्वजनिक गरेको सूचनामा भौतिक पूर्वाधार मन्त्रालय मुख्यमन्त्री पोखरेलले नै सम्हाल्ने उल्लेख छ ।

कास्की–२ को प्रदेश सभा २ मा टिकटको आकांक्षी रहेका खड्काले टिकट भने पाएनन् । सो यो क्षेत्रमा कांग्रेसबाट कानुनमन्त्रीसमेत रहेका विन्दुकुमार थापा उम्मेदवार छन् । खड्काले थापालाई हराउन लागेको आरोप लागेको छ। यश अघि डाक्टर बाबुराम भट्टराईको नेपाल समाजवादी पार्टीका उर्जा सिचाइ तथा खानेपानी मन्त्री हरि शरण आचार्य माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड र प्रदेश सभाका उमेदवार फणीन्द्र देवकोटालाई हराउन लागेको आरोपमा बर्खास्त भएका थिए ।

बर्खास्तीमा परेको दुई दिनपछि माओवादीको चुनावी सभामा गएर मत मागेका थिए । मन्त्री हुँदा असहयोग गरेको भनेर हटाउनेले प्रचारमा जाँदा गल्ती महशुस नगर्दा जनता अलमल्याउने काम भएको छ। तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ सरकार हटाएर २९ असार २०७८ मा एमाले बाहेकका दलको समर्थन जुटाएर कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री बनाउन भुमिका खेलेका खड्का मंगलबार बर्खास्तीमा परे।संघीयताको विषयमा समान धारणा भएको बताउने तत्कालीन जसपाका हरिशरण पनि पृथ्वीसुब्बा हटाएर पोखेल बोक्दा मन्त्रीबाट बर्खास्तीमा परे।नेपाली उखान धेरै उग्र हुनेको बहिर्गमन पनि अप्रिय हुन्छ भन्ने देखाएको छ ।

कास्कीमा खड्काको सक्र्यता मन नपराउनेले मन्त्रीबाट हटाउन खोजेका थिए । प्रचारप्रसारमा जान आचारसंहिताले छेक्ने मन्त्रीलाई असहयोग गरेको निहुँमा हटाएका छन।कास्की–२ (२) मा कांग्रेसका प्रदेशसभा सदस्य उम्मेदवार विन्दुकुमार थापालाई असयोग गरेको भन्दै मुख्यमन्त्री पोखरेलले खड्कालाई बर्खास्त गरेर मुख्यमन्त्री बनाई दिएको पुरस्कार दिएका छन । सुरुमा सामाजिक विकास र पछि भौतिक पूर्वाधार मन्त्रालय सम्हालेका खड्का सरकारको प्रवक्तासमेत थिए ।

खड्कामाथि जन्म र घर भएको वडा नम्बर १६ मा मात्र करिब ३० करोड रुपैयाँ बजेट हालेकै कारण एमालेको गढमा वडाध्यक्ष जिताउन सकेका थिए । मन्त्री थापाले आफ्नो वडामा हराउदा सांसदको टिकट पाए । कांग्रेसमा थापा र खड्का दुबै सभापति देउवा समूहकै हुन् । तर देउवा पत्नी आरजुसँग थापाको राम्रो सम्बन्ध छ। पैसाले जोडिएको सम्बन्ध काङ्गेसको लागि सरकार बनाउँदा र प्रतिपक्षीसंग प्रतिवाद गरेर पुर्दैन भन्ने मन्त्रीको बर्खास्तीले देखाएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाव |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : व्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# पर्वतका नौ मतदान केन्द्रको नेतृत्व महिलालाई

पोखरापत्र संवाददाता
पर्वत २९ कार्तिक

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि पर्वतका नौवटा मतदान केन्द्रको नेतृत्व महिलालाई दिइएको छ ।

जिल्लाका ७४ स्थानमा रहने एक सय ४८ मध्ये नौवटा केन्द्रका मतदान अधिकृतका रूपमा महिलालाई पठाउन लागिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय पर्वतले जारी गरेको कर्मचारी विवरणमा उल्लेख छ।विवरणअनुसार कुश्मा नगरपालिका–३ को काफलचौर मावि (ग) केन्द्रमा नेपाल विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्रकी सहायक प्रशासकीय अधिकृत रुज्जना कट्टेल, नारायण मावि (ख) केन्द्रमा नापी अधिकृत निशा अधिकारी, शिवालय मावि केन्द्रमा पर्यटन तथा उद्योग कार्यालय पर्वतमा कार्यरत अधिकृत मुना अधिकारीलाई खटाइएको छ । युवा वर्ष आधारभूत विद्यालय (ख) केन्द्रमा जिल्ला हुलाक कार्यालयबाट हुलाक अधिकृत सरिता अधिकारी, मङ्गलोदय मावि (ख) केन्द्रमा डिभिजन वन कार्यालयकी सहायक वन अधिकृत अरुणा पौडेल, सार्वजनिक मावि (ख) केन्द्रमा जिल्ला कारागारकी प्रमुख शिला श्रेष्ठ, फर्सेधाइरिङ मावि (ख) केन्द्रमा नवजागृत माविकी शिक्षक रुचिला सापकोटा, जननेत्र मावि (ख) केन्द्रमा कुश्माको आधारभूत स्वास्थ्य केन्द्रकी जानकी रिजाल शर्मा र सरस्वती मावि (ख) केन्द्रमा अन्नपूर्ण माविकी शिक्षक अम्बाकुमारी शर्मालाई पठाइएको छ ।

# समस्या सुल्झाउँछौं, सम्भावना खोज्छौं: मीना

पोखरापत्र संवाददाता
पोखरा २९ कार्तिक



धेरै मानिस पहिला समस्या देख्छन्, सम्भावनातिर ध्यान दिँदैनन् ।

यसका कारण हुनः मान्छे नकारात्मक कुरामा रमाउँछ, सम्भावना देखिए पनि मेहनत गर्न र धर्य गर्न चाहँदैन । समस्या राम्ररी सुन्ने, बुझ्ने, योजना बनाउने र कार्यान्वयन गर्नेहरुले समाजको नेतृत्व गर्छन्, राजनीतिको नेतृत्व गर्छन् । मंगलबार एमाले नेतृ मीना गुरुङले पोखरा १६ का स्थानीयका समस्या सुनिन्, गुनासा बुझिन् । कास्की २ (२)मा एमालेकी उम्मेदवार उनी समानुपातिकबाट निवर्तमान प्रदेशसभा सदस्य भएकाले धेरै कुराबारे जानकारै थिइन् । उनले भनिन्, 'यहाँहरुका समस्याबारे केही हदमा जानकार छु । यहाँहरुकै सहभागिता र विज्ञको सुझाव अनुसार योजना बनाएर समृद्धिको यात्रा हामीअघि बढाउँछौं ।' उम्मेदवार गुरुङले गएको कार्यकालमा स्रोतको सीमितता र सरकार परिवर्तनले धेरै काम गर्न नपाएको उनले सुनाइन् । सुन्दर भूगोल र प्रकृति रहेको यो क्षेत्र चाडै समृद्ध र पर्यटनको केन्द्र बन्ने उनले उल्लेख गरिन् । भन्छिन्, 'एकै पटक सबै काम भइहाल्छन् भन्ने आश्वासन म दिन्नँ तर प्राथमिकीकरण गरेर हामी यसका समस्या सुल्झाउँछौं । सम्भावना खोज्छौं । जनताका माग पूरा गर्न संघ र प्रदेशमा एमालेको सरकार चाहिन्छ ।' एमाले नेतृत्वमा गण्डकी र संघ सरकार हुँदा दुवैतिर जग राख्नेदेखि राष्ट्रिय महत्वका योजना सुरु भएको उनले उल्लेख गरिन् । 'बीचमा सरकार ढल्यो, सँगसँगै हाम्रा योजना पनि रोकिए । अबको चुनावपछि हाम्रो सरकार बन्छ तर हामी त्यस्तो खालको पूर्वाग्रही राजनीति गर्दैनौं ।' पार्टीको प्रतिवद्धता र अगाडी सारेका विकासका योजना र नीतिहरु नै जितका आधार भएको उनको भनाइ छ ।

# चार महिनामा ८६ हजार पर्यटकले गरे चितवन राष्ट्रिय निकुञ्जको अवलोकन

रासस
चितवन, २९ कार्तिक

वन्यजन्तु अवलोकनका लागि देशको मुख्य पर्यटकीय गन्तव्यकारुपमा रहेको चितवन राष्ट्रिय निकुञ्जमा आर्थिक वर्ष २०७९/०८० को पहिलो चार महिनामा ८६ हजार छ सय ४३ पर्यटकले अवलोकन भ्रमण गरेका छन् ।

भ्रमण गर्ने पर्यटकमध्ये सबैभन्दा धेरै नेपाली पर्यटक रहेका निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार पहिलो चार महिनामा निकुञ्ज घुम्न आउने पर्यटकमध्ये ६५ हजार पाँच सय २९ नेपाली, सार्क मुलुकका सात हजार सात सय ८६ र अन्य मुलुकका १३ हजार तीन सय २८ जना रहेका छन् । कोरोना कहर सामान्य हुँदै गर्दा निकुञ्जमा विदेशी पर्यटकको आउजाउ बढेको यो विवरणले देखाउँछ ।

दसैं तिहारलगायतका चाडपर्वपछि पनि पर्यटकको सङ्ख्या बढेको पूर्वी नवलपर रासीको लामीचौर उपभोक्ता समितिका अध्यक्ष वासुदेव पौडेलले बताउनुभयो ।

घुम्न आउनेको सङ्ख्या बढ्दै गएपछि निकुञ्ज आसपासका होटल व्यवसायीसमेत उत्साही भएका छन् । अमलटारीमा होमस्टे सञ्चालन गर्दै आउनुभएका छन्नुराम महतो आन्तरिक बाह्य पर्यटकको सङ्ख्या बढ्दै गएकाले व्यवसायीमा समेत उत्साह थपिएको बताउनुहुन्छ । यसैबीच निकुञ्जले आर्थिक वर्षको चार महिनाको अवधिमा रु पाँच करोड ९८ लाख ६२ हजार नौ सय २१ राजस्व सङ्कलन गरेको सूचना अधिकारी तिवारीले जानकारी दिनुभयो ।

निकुञ्जले सबैभन्दा धेरै पर्यापर्यटनबाट रु पाँच करोड १५ लाख ४८ हजार तीन सय ५० राजस्व सङ्कलन गरेको हो । त्यस्तै यो अवधिमा निकुञ्जले दण्ड सजायबाट रु ५१ लाख ८६ हजार पाँच सय ४४ राजस्व सङ्कलन गरेको तिवारीले जानकारी दिनुभयो ।

# 'दिगो विकास लक्ष्य प्राप्तिका लागि बहुमतको सरकार'–एमाले उम्मेदवार भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक



नेकपा एमालेका उम्मेदवार विद्या भट्टराईले मुलुकमा दिगो विकासका लागि बहुमतको सरकार आवश्यक रहेको बताएकी छन् ।

मंसीर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन प्रचारप्रसार कार्यक्रमको अवसरमा मंगलवार पोखरा १६ मा भएको घरदैलो कार्यक्रममा उनले मुलुकको राष्ट्रियता, स्वाभिमान र समग्र विकासका लागि एउटै दलको बहुमतको सरकारको खाँचो औल्याईन् । घरदैलो कार्यक्रममा मतदातासँग मत मात्दै स्थानीयका आवश्यकता र सुझाव संकलन गर्दै आएकी उनले सडक पूर्वाधार, खानेपानी, शिक्षा, स्वास्थ्य, विद्युतीकरण एवम् कृषि बजारीकरणमा प्रतिवद्ध भएर लाग्ने प्रतिवद्धता व्यक्त गरिन् ।

नेकपा एमालेको समृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई सार्थक बनाउन बहुमतको सरकार आवश्यक रहेको बताउँदै उम्मेदवार भट्टराईले गठबन्धनको सरकारले मुलुकलाई अस्थिर बनाउने दावी गरिन् । जनतालाई रुवाएर होईन विकासले खुशियाली ल्याउनु पर्ने आवश्यकता औल्याउँदै सबैको सहभागिता र समन्वयका आधारमा सडक पूर्वाधार निर्माणमा प्राथमिकता दिनेमा उनको जोड छ । निर्वाचन क्षेत्र नं. २ (ख) का उम्मेदवार मिना गुरुङले पोखरामा नयाँ थपिएका वडाका वासिन्दाले महानगरवासीको अनुभूति हुने गरी विकास निर्माण जुटने प्रतिवद्धता व्यक्त गर्दै सडक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखेर अघि बढ्ने विश्वास व्यक्त गरिन् । मतदाताको घरदैलो कार्यक्रममा गण्डकी प्रदेश समानुपातिक उम्मेदवार डा. छममाया पुनको पनि सहभागि थिईन् ।

नेकपा एमाले पोखरा १६ का अध्यक्ष राजेश गुरुङका अनुसार मंगलवार घार्मी, कुरेचौर, हर्पाक, काउरे, अम्मरेस्वारा, हरिपाउ, गर्लुङ, अर्मला र बाटुलेचौरका विभिन्न स्थानमा घरदैलो एवम् कोणसभा सम्पन्न भएको छ । पोखरा १६ महानगरको सबैभन्दा मतदाता धेरै भएको उक्त वडामा ११ हजार ८४२ मतदाता रहेका छन् ।

# मनाङमा पर्यटक बढे

पोखरापत्र संवाददाता
मनाङ २९ कार्तिक

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन तयारी तिव्र बनेको छ । यही बेला पर्यटकीय मौसम समेत भएकाले यस क्षेत्रमा विदेशी पर्यटक भ्रमणका लागि आउने क्रम बढेको छ ।

अन्नपूर्ण पदमार्गअन्तर्गत विश्वका विभिन्न देशबाट आएका पर्यटक यतिबेला मनाङमा भेटिन्छन् । पर्यटक आउने अनुकूल समय भएकाले पर्यटक मनाङमा भित्रिने क्रम जारी रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय मनाङका लेखापाल खुसी राउत कुर्मीले जानकारी दिनुभयो । उहाँका अनुसार मनाङमा कात्तिकमा मात्र दुई हजार एक सय १६ विदेशी पर्यटक भित्रिएका छन् । पुरुष एक हजार दुई सय ६४ र महिला आठ सय ५२ जना रहेका छन् । विदेशी पर्यटक तिलिचो ताल, थोराङ्ला पास, मनास्लु हिमाल आरोहण लगायतका स्थानमा जाने गरेका छन् । "जिल्लामा यस सिजनको मध्यमा उच्च सङ्ख्यामा पर्यटकको आगमन भएको छ । यसले जिल्लाको आर्थिकस्तर वृद्धि गर्नेछ । पर्यटकको उल्लेख्य आगमनले मनाङवासीमा खुसीयालीका साथै उत्साह थपिदिएको छ", कुर्मीले भन्नुभयो, "कात्तिकमा फ्रान्स, जर्मनी, युके, अमेरिका लगायतका देशबाट पर्यटक आएका छन् ।"

आयोजनाका अनुसार चालू आर्थिक वर्षको साउनदेखि असोजको पहिलो सातासम्म तीन हजार आठ सय १८ पर्यटक मनाङ भित्रिएका थिए । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका–७ मनाङ्गे चौतारामा रहेको छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएको छ । काठमाडौँदेखि बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् भने पदमार्गमार्फत मनाङका विभिन्न स्थानको अवलोकनसहित पैदलयात्राको सुरुआत गर्दछन् ।


**पोखरा महानगरपालिका**
**१६ नं. वडा कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

## व्यवसाय नामसारी सिफारिस सम्बन्धमा सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/३०

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ बस्ने चन्द्र बहादुर बस्नेतको नाति यज्ञ बहादुर बस्नेतको छोरा ज्ञानु कुमारी बस्नेतको पति लिप्त बहादुर बस्नेतको मिति २०६५/१०/२८ गते मृत्यु भएको मृतक लिप्त बहादुर बस्नेतको एक मात्र श्रीमती मेरो आमा ज्ञानु कुमारी बस्नेतको पनि मिति २०७४/०९/२ ९ गते मृत्यु भएको बुवा आमाबाट क्रमशः छोरा जेठा विक्रम बहादुर बस्नेत कान्छा विनोद बहादुर बस्नेत २ छोरा र १ छोरी विमला बस्नेत गरी ३ जनाको जन्म भएकोमा छोरी विमला बस्नेत विवाहदान गरी आफ्नो घरमा गएका मृतक आमा ज्ञानु कुमारी बस्नेतको नाममा एस एस ब्लक उद्योग दर्ता भएको मृतक आमा पछिका सबैभन्दा नजिकका हकवाला छोरा विक्रम बहादुर बस्नेत र विनोद बहादुर बस्नेत भएकोमा विनोद बहादुर बस्नेतले उक्त ब्लक उद्योग म निवेदक विक्रम बहादुर बस्नेतको नाममा एकलौटी नामसारी गर्न मन्जरीनामा दिएकोले मृतक आमा ज्ञानु कुमारी बस्नेतको नाममा रहेको एस एस ब्लक उद्योग म निवेदक छोरा विक्रम बहादुर बस्नेतको नाममा नामसारी गर्नको लागि नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाण पत्र, मन्जुरीनामा सहित निवेदन पेश गर्नु भएकोले कार्यालयको नियमानुसार उक्त एस एस ब्लक उद्योग विक्रम बहादुर बस्नेतको नाममा नामसारी गरिदिनुहुन सिफारिस साथ अनुरोध छ ।


# डेङ्गु सङ्क्रमणका कारण ६ जनाको मृत्यु

रासस
चितवन २९ कार्तिक

जिल्लामा साउन यता उपचारका लागि आएका ६ जनाको डेङ्गु रोगको सङ्क्रमणका कारण मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्ला र जिल्लाबाहिरका रहेको स्वास्थ्य कार्यालय चितवनले जनाएको छ । कार्यालयका सूचना अधिकारी राम केसीका अनुसार हालसम्म १० हजार नौ सय ७४ जनाको परीक्षण गरिएकामा दुई हजार नौ सय ४९ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ। सङ्क्रमितमध्ये २० हजार ५० जना चितवनका हुन् भने अन्य बाहिरि जिल्लाका रहेका छन् । ठेगाना नखुलेका दुई सय ९१ र ठेगाना खुलेका ६ सय आठजना रहेको कार्यालयले जनाएको छ । जिल्लामा सबैभन्दा बढी डेङ्गु रोगको सङ्क्रमण भरतपुर महानगरपालिकामा देखिएको छ । जहाँ एक हजार चार सय ५० जनामा डेङ्गु रोग देखिएको केसीले बताउनुभयो ।

# गण्डकीमा चासो र चर्चामा छः दोस्रो प्रदेशसभाको निर्वाचन

–वासुदेव पौडेल
पोखरा, २९ कार्तिक (रासस)

विभिन्न दलका शीर्ष नेता उम्मेदवार रहेको गण्डकी प्रदेशमा यतिखेर नजिकिँदो निर्वाचनले चहलपहल बढाएको छ।

राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने दलका शीर्ष नेताहरू नेकपा माओवादी केन्द्रका अध्ययक्ष पुष्पकमल दहाल 'प्रचण्ड', नेपाली कांग्रेसका रामचन्द्र पौडेल, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी, नेकपा एमालेका पृथ्वीसुब्बा गुरुङलगायत नेता यही प्रदेशमा प्रत्यक्षतर्फ चुनावी प्रतिस्पर्धामा रहेका कारण पनि यतिखेर गण्डकीको निर्वाचनलाई महत्वका साथ हेर्न थालिएको छ। शीर्ष नेताको प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारीसँगै यहाँका चुनावी सभामा हुने गरेका देशको प्रधानमन्त्रीदेखि प्रदेशका मुख्यमन्त्रीको चर्चाले पनि यहाँ सरगर्मी बढाएको छ। प्रदेशसभा सदस्यको अघिल्लो कार्यकालमा एमालेका गुरुङ र नेपाली कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेलले मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेकामा आगामी मुख्यमन्त्रीको जिम्मेवारी कसले सम्हाल्छ भन्ने विषय यतिखेर मुख्य चासो बनेको छ। नेपालको संविधानले निर्दिष्ट गरेअनुसार तीन तहको संरचनामध्येको प्रदेशको आवश्यकता र औचित्यका सम्बन्धमाविभिन्नटिकाटिप्पणीसमेत भइरहेको अवस्थामा हुन लागेको दोस्रो प्रदेशसभाको निर्वाचनका लागि यस प्रदेशबाट प्रत्यक्षतर्फ ३६ उम्मेदवार चुनावी प्रतिष्पर्धामा हुनुहुन्छ। कुल ६० सदस्यीय प्रदेश सभामा २४ जना समानुपातिकतर्फबाट प्रतिनिधित्व हुने व्यवस्था छ।

यस निर्वाचनमा प्रदेशको राजधानी रहेको जिल्ला कास्कीमा प्रदेशसभा सदस्यका लागि निर्वाचन क्षेत्र नं १ प्रदेशसभा (क) मा आठ र (ख) मा सात जना, २ को (क) मा आठ र (ख) मा छ जना र ३ को (क) र (ख) मा सात/सात जनाको उम्मेदवारी परेको छ। क्षेत्र नं १ को (क)मा गठबन्धनका तर्फबाट माओवादीका दीपक कोइराला, एमालेका खगराज अधिकारी, हाम्रो नेपाली पार्टीका मदन केसी लगायतको उम्मेदवारी छ भने (ख) मा गठबन्धनका तर्फबाट कांग्रेसका दीपक गुरुङ( माइला), एमालेका बेदबहादुर गुरुङ(श्याम), रापप्राका महेन्द्र कार्कीलगायतको उम्मेदवारी छ।

निर्वाचन क्षेत्र नं २ को (क)मा गठबन्धनका तर्फबाट माओवादीका विश्वप्रकाश लामिछाने, एमालेका भीम कार्कीलगायतको उम्मेदवारी छ भने (ख)मा गठबन्धनका तर्फबाट कांग्रेसका विन्दुकुमार थापा, एमालेका मीना गुरुङलगायतको उम्मेदवारी छ। क्षेत्र नं ३ को (क) मा गठबन्धनका माओवादीका दुर्गादत्त भण्डारी, एमालेका गणेशमान गुरुङलगायतको उम्मेदवारी छ भने (ख)मा गठबन्धनका तर्फबाट कांग्रेसका प्रकाश बराल, एमालेका राजीव पहारीलगायतको उम्मेदवारी छ।

प्रदेशसभाको निर्वाचन हुँदै गर्दा यतिखेर को मुख्यमन्त्री बन्छ त्यो विषयले प्राथमिकता पाएको छ। विभिन्न चुनावीसभामा माओवादीका अध्यक्ष पुष्पकमल दहालले प्रदेशको भावी मुख्यमन्त्रीका रूपमा कांग्रेसका सुरेन्द्र पाण्डेलाई अघि सारेसँगै अन्य आकांक्षीको नाम पनि आउन थालेको छ। प्रदेशमा नेपाली कांग्रेसका तर्फबाट गण्डकी प्रदेश पार्टी सभापति शुक्रराज शर्मा, ध्रुव वाग्ले, विन्दुकुमार थापालगायतको मुख्यमन्त्रीका रूपमा चर्चा छ। माओवादीबाट हरिबहादुर चुमानलाई सम्भाव्य मुख्यमन्त्रीका रूपमा हेरिएको छ भने एमालेबाट खगराज अधिकारलाई मुख्यमन्त्रीका रूपमा अघि सारिएको छ।

मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने नेताहरूको होडबाजीसँगै प्रदेशमा मतपरिणाम आफ्नो पक्षमा पार्न दलहरूको सक्रियता रोचक देखिएको छ। पत्यक्षतर्फ प्रदेशसभाका ३६ निर्वाचन क्षेत्र रहेको गण्डकीमा गठबन्धन गर्दा कांग्रेसले प्रत्यक्षतर्फ २१ क्षेत्रमा उम्मेदवारी दिएको छ भने माओवादी केन्द्रले १२, एकीकृत समाजवादी र नेपाल समाजवादीले १/१ क्षेत्रमा उम्मेदवारी दिएका छन्। मनाङ 'ख'मा स्वतन्त्र उम्मेदवार राजीव गुरूङ 'दीपक मनाङे' निर्विरोध निर्वाचित बनिसक्नुभएको छ। एमालेले ३६ वटै निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ आफ्ना उम्मेदवार उठाएको छ।

यसअघि सङ्घबाट संविधानतः निर्दिष्ट अधिकार पनि सहजरूपमा प्रदेशमा नआउनाका साथै कानुन तथा नीतिनिर्माणमा अल्झिनुपर्दा देखिने गरी काम हुन नसकेको चर्चा पनि यतिखेर उठ्ने गरेको छ। यसअघि प्रदेशसभाको पाँच वर्षे कार्यकाल पूरा गरी दोस्रो कार्यकालका लागि उम्मेदवार बन्नुभएका राजीव पहारी प्रदेश नै सङ्घीयताको मूलआत्मा भएको बताउनुहुन्छ। अघिल्ला कार्याकालको अनुभवसहित आगामी पाँच वर्षमा प्रदेशलाई बलियो बनाउँदै जनताको नजिकैको सरकारका रूपमा स्थापित गर्ने लक्ष्यका साथ आँफू चुनावी अभियानमा जुटेको उहाँको भनाइ छ। सङ्घीयतालाई बलियो बनाउन प्रदेशको अहम् भूमिका हुने बताउने अर्का उम्मेदवार प्रकाश बराल जनताले प्रदेश सरकारको प्रत्यक्ष अनुभूति गर्ने किसिमको वातावरण तयार हुनु जरुरी रहेको बताउनुहुन्छ। संविधानतः उल्लेखित अधिकार उपयोग गर्दै प्रदेशको समृद्धि र विकासका लागि अघि बढ्ने उहाँको प्रतिबद्धता छ।

# पोखरा विमानस्थलमा मंसिर ५ गतेदेखि यान्त्रिक उडान

–सिबी अधिकारी
पोखरा, २९ कार्तिक (रासस)

मुलुककै तेस्रो अन्तर ष्ट्रिय विमानस्थलका रुपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा आगामी मङ्सिर ५ गतेदेखि यान्त्रिक परीक्षण उडान ' क्यालिब्रेसन फ्लाईट' सञ्चालन गरिने भएको छ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले मङ्सिर ५ देखि ११ गतेसम्मको यान्त्रिक उडानको तालिका बनाएको हो। प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले पोखरा विमानस्थलमा मङ्सिर ५ गतेदेखि एक साता यान्त्रिक उडान हुने जानकारी दिनुभयो। यसअघि प्राधिकरणले मङ्सिर १४ गतेदेखि यान्त्रिक उडान गर्ने जनाएको थियो। पोखरा विमानस्थलमा एकसाता यान्त्रिक उडान हुनेछ। प्राधिकरणले आगामी जनवरी १ (पुस १७ गते) बाट पोखरा विमानस्थल व्यावसायिक सञ्चालनको घोषणा गरिसकेको छ। यान्त्रिक उडानकोक्रममा हालको पुरानो आन्तरिक विमानस्थलको उडान तालिका हेरफेर हुनसक्ने प्राधिकरणले जनाएको छ। 'पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको यान्त्रिक उडानका क्रममा हाल पुरानो विमानस्थलको आन्तरिक उडान पूर्ण रोक्नुपर्छ भनेर एरोथाइका प्राविधिकले भनेका छन् नयाँ विमानस्थलमा यान्त्रिक उडान गर्नुपर्ने भएकाले पनि उडान तालिका मिलाउने प्रयासमा छौँ', प्रवक्ता निरौलाले भन्नुभयो। यान्त्रिक उडानमा एयर ट्राफिक कन्ट्रोलर, टावर, धावनमार्ग र विमानस्थलमा जडान भएका सञ्चार उपकरणले काम गरे नगरेको परीक्षण गरिनेछ। यान्त्रिक परीक्षण सफल भएपछि मात्रै व्यावसायिक उडान सञ्चालन गरिन्छ। प्रवक्ता निरौलाका अनुसार पोखरालगायत देशका अन्य विमानस्थलमा यान्त्रिक उडानका लागि एरोथाई कम्पनीको जहाज गत आइतबार नै काठमाडौँ आइसकेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवास्थित गौतमबुद्ध अन्तर ष्ट्रिय विमानस्थललगायत देशका अन्य विमानस्थलको यान्त्रिक उडान सकेर आगामी डिसेम्बर ५ मा एरोथाइको जहाज फर्किने प्रवक्ता निरौलाले बताउनुभयो। एरोथाइको जहाजले देशभरका आन्तरिक विमानस्थलको उपकरण जाँचमा नियमित परीक्षण उडान गर्नेछ।

राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको पोखरा विमानस्थलको भौतिक पूर्वाधार तथा प्राविधिक काम सम्पन्न भएको विमानस्थल निर्माण आयोजना प्रमुख विनेश मुनाकर्मीले बताउनुभयो। करिब तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको यो विमानस्थलको लगानी करिब २२ अर्ब हुने प्राधिकरणले जनाएको छ। विमानस्थलको हाल दुई हजार पाँच सय मिटरको धावनमार्ग र ४५ मिटर चौडाई तथा धावनमार्गको मोटाइ ३४ सेन्टिमिटर रहेको छ। यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एरोथाइको जहाजबाट यान्त्रिक परीक्षण उडान सुरु भएको छ। आइतबार काठमाडौँ आइपुगेको प्राविधिक उपकरण जडित उक्त जहाजले सोमबारदेखि नै यान्त्रिक उडान सुरु गरेको प्राधिकरणका प्रवक्ता निरौलाले बताउनुभयो। अहिले दिउँसोको समयमा दैनिक पाँच घण्टा यान्त्रिक उडान भइरहेको छ। पाँच दिनसम्म यान्त्रिक उडान हुनेछ। यो उडानका क्रममा विमानस्थलको नियमित उडान सामान्यरुपमै सञ्चालन भइरहेको प्राधिकरणले जनाएको छ। काठमाडौँपछि पोखरा विमानस्थलमा यान्त्रिक उडान हुनेछ। पोखरालगत्तै भैरहवा, नेपालगञ्ज, धनगढी, चन्द्रगढीलगायत विमानस्थलमा परीक्षण उडान हुन्छ। यान्त्रिक उडान हरेक वर्ष गरिन्छ। पछिल्ला दुई वर्ष कोभिड-१९ महामारीका कारण नियमित यान्त्रिक उडान भएको थिए। प्रवक्ता निरौलाले यान्त्रिक उडानमार्फत विमानस्थलमा जडान भएका सञ्चार उपकरणको 'भेरिफाइड' गरिने जानकारी दिनुभयो।

यसैगरी ठूला जहाजको उडान एवं अवतरणमा अवरोध गर्ने भनिएको पोखरा विमानस्थल नजिकै रिट्ठेपानी डाँडा कटानको पहिलो चरणको कार्य सकिएको छ। उक्त डाँडो हालसम्म १४ मिटर कटान कार्य सकिएको प्राधिकरणले जनाएको छ। धावनमार्गको 'अप्रोच' पर्ने भएकाले करिब ४० मिटर डाँडा काटेर समतल बनाइनेछ। यान्त्रिक उडानका लागि सुरुमा १४ मिटर डाँडा कटान गरिएको हो।

# रोट्र्याक्ट क्लब अफ हेमजाद्वारा ५५ जनालाई न्यानो कपडा वितरण

पोखरापत्र संवाददाता
पोखरा २९ कार्तिक



रोट्र्याक्ट क्लब अफ हेमजाले शनिबार एक कार्यक्रमको आयाजना गरी आर्थिक रुपमा बिपन्न ४० जना बालबालिका र १५ जना जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि रोटरी क्लब अफ पोखरा अन्नपूर्णका आगामी बर्षका अध्यक्ष तोय बहादुर भट्टराईले जहाँ आवश्यकता, त्यहाँ रोट्र्याक्ट क्लबले सहयोग गर्ने बताउदै सहि समयमा धेरै राम्रो काम गरेकोमा रोट्र्याक्ट क्लव अफ हेमजा माथि आफु निकै प्रवाभित भएको भन्दै सामाजिक कामलाई निरन्तरता दिन आग्रह गरे। कार्यक्रममा कार्यपालिका सदस्य एवं वडा सदस्य धनकुमारी पोख्रेल तिमिल्सिना, बिष्णुपादुका माबिका प्रधानाध्यापक दिपकराज पौडेल र क्लबका सल्लाहकार तथा समाजसेवी मदन थापाले रोट्र्याक्ट क्लब अफ हेमजाबाट धेरै कुरा सिक्ने अवसर मिलेको भन्दै क्लबमा हुने कार्यक्रममा आफ्नो साथ र सहयोग सधै हुने प्रतिबद्यता जनाए। कार्यक्रम संयोजक गरेका बिश्वराज पौडेलले आफुहरुले देउसी भैली कार्यक्रम सञ्चालन गरी आर्थिक ब्यवस्थापन गरेको बताउदै आफुले संयोजक रहेर काम गर्न पाउदा धेरै खुशी भएको खुशी व्यक्त गर्दै आगामी दिनहरुमा पनि यस्तै कामहरु गर्ने र काम गर्नको लागि सबैको साथ र सहयोग खाँचो रहने बताए।

रोटरी क्लब अफ पोखरा अन्नपुर्णका कोषाध्यक्ष माधब बराल तथा क्लबका पब्लिक रिलेसन चेयरका संयोज सरोज नारायण बरालको पनि उपस्थिति रहेको सो कार्यक्रममा क्लवका अध्यक्ष ई. विकल थापाले बिगत १० बर्ष यता रोट्र्याक्ट क्लव अफ हेमजाले बिभिन्न सामाजिक कामहरु गर्दै सक्रिय रुपमा अगि बढेको र अब आउने दिनहरुमा नि यस्तै सामाजिक कामहरु निरन्तरता दिने प्रतिबद्यता जनाउदै आफुहरु यस कामबाट खुशी भएको र यस काम लागि बार्षिक कार्य योजनामा राखेको बताउदै आगामी बर्षमा अझ ठुलो संख्यामा न्यानो कपडा वितरण गर्ने बताए।

क्लबका अध्यक्ष ई. विकल थापाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य प्रकाश पौडेलले दिएका थिए भने अनिसा खड्काले मन्तव्य दिदै धन्यवाद ज्ञापन गरेकी थिईन र कार्यक्रम सञ्चालन सचिब अनिल पौडेलले गरेका थिए।

# छाब्दीलाई नमूना पर्यटकीय क्षेत्र बनाइन्छ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
तनहुँ, २९ कार्तिक

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार रामचन्द्र पौडेलले छाब्दी बाराही मन्दिरलाई नमूना धार्मिक पर्यटकीय क्षेत्र बनाएर काम गरिने बताउनुभएको छ।

व्यास नगरपालिका-१४ छाब्दीमा आज आयोजित सभामा नेता पौडेलले भन्नुभयो, "निर्वाचनमा मलाई जिताएर पठाउनुहोस्", उहाँले भन्नुभयो। शहीदका बलिदानबाट प्राप्त उपलब्धिको रक्षा गर्दै आर्थिक विकास र समृद्धिका लागि आफ्नो उम्मेदवारी रहेको उहाँको भनाइ थियो। पाँच दलीय गठबन्धन अपरिहार्य भएको उल्लेख गर्दै नेता पौडेलले देशमा सुशासन कायम कायम गर्न र भ्रष्टाचार नियन्त्रणका लागि जोड दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो। कहीँकतै विचलित नभई गठबन्धन शक्तिलाई बहुमतले विजयी गराउन आवश्यक रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अधूरा काम पूरा गर्नेछु, जनतासामु बोलेका कुरा व्यवहारमा लागू गरेर छाड्छु।" सत्तामा जान र पदका लागि मात्रै गठबन्धन नभएको उल्लेख गर्दै नेता पौडेलले लोकतन्त्र, गणतन्त्र र संविधान जोगाउनका लागि गठबन्धन गरेको बताउनुभयो। विकास गरी नमूना जिल्लाको रुपमा विकास गर्न गठबन्धन अपरिहार्य भएको अर्का उम्मेदवार नेकपा (माओवादी केन्द्र) का हरिबहादुर चुमानले बताउनुभयो।

# निर्वाचन विरोधी गतिविधि गर्ने १४ जना पक्राउ

रासस
बागलुङ, २९ कार्तिक

निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा बागलुङको कुश्मीशेरा बजारबाट प्रहरीले १४ जनालाई पक्राउ गरेको छ।

जैमिनी नगरपालिका-१ कुश्मीशेरा बजारमा कोणसभा गरिरहेका नेकपा(मसाल) का १४ नेता कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको हो। निर्वाचन बहिष्कारका लागि आयोजना भएको कोणसभामा प्रहरीचौकी कुश्मीशेराबाट पुगेको प्रहरी टोलीले मसालका पोलिटब्यूरो सदस्य कृष्णराज पौडेलसहितका नेता तथा कार्यकर्ता पक्राउ गरेको हो। पक्राउ पर्नेमा पोलिटब्यूरो सदस्य कृष्णराज पौडेल, अखिल भारत नेपाली एकता समाजका अध्यक्ष देवबहादुर लामिछाने, बागलुङका सचिव नारायण सापकोटा, प्रवक्ता रेशम गिरी, रक्तिम सांस्कृतिक अभियानका केन्द्रीय उपाध्यक्ष दलबहादुर विक, अखिल भारत नेपाली एकता समाजका युवा नेता सूर्य थापा, कास्कीका प्रवक्ता विक्रम थापा, युवा वाम नेता सागर कुँवर, आकाश गौतम, विनोद विष्ट, रमाकान्त शर्मा र काठमाडौँका नेता यमप्रसाद शर्मालगायत रहनुभएको छ। उहाँहरूलाईप्रहरीचौकीकुश्मीशेरामा राखिएको छ। "निर्वाचन विरोधी गतिविधि गरेको सूचना आधारमा पक्राउ गरिएको हो, कुन पार्टीका हुन् भन्ने हामीलाई जानकारी छैन", जिल्ला प्रहरी प्रमुख दयानिधि ज्ञवालीले भन्नुभयो, "प्रचार सामग्रीसहित फेला परेकाले अनुसन्धान भइरहेको छ, मुद्दा चलाउने वा कागज गरेर छोड्ने अनुसन्धानपछि थाहा हुन्छ, घटनाको प्रकृति र उनीहरूको क्रियाकलापको विषयमा हामीले पहिले जानकारी लिन्छौँ।"

कोणसभाका मुख्यवक्ता पोलिटब्यूरो सदस्य कृष्णराज पौडेलले सम्बोधन गरिरहेका बेला प्रहरीले सबैलाई पक्राउ गरेको थियो। मसालका नेता कार्यकर्ता र प्रहरीबीच केहीबेर घम्साघम्सी भएको प्रतक्षदर्शीले बताए। प्रहरीले उनीहरूसँगै माइक र पर्चालगायतका प्रचार सामग्री पनि जफत गरेको छ।


**Jaimini Municipality**
**Kushmisera, Baglung**
Gandaki Province, Nepal

**Invitation for Bids**

**(Date of Publication: 2079-7-30 BS (2022-Nov-16 AD)**

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the Road work mentioned in table below under contract.

| S. N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc. Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of Kushmisera sarkuwa biharthala kewai 8 no. ward karyalaya chhisti Road | JM/BAGLUNG /NCB/W/R/ 2/2079/80 | NRs.99,99,407.72 | NRS 3000 | 2,50,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**